विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-११ ● २०७८ असोज ११ गते सोमबार, ● 27 Sep. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## कांँग्रेस थाहानगरको नेतृत्व जोशीलाई

◆ विकास संवाददाता



नेपाली काँग्रेस थाहा नगर कार्यसमितिको सभापतिमा प्रमोदकृष्ण जोशी विजयी भएका छन् । उनले निकटतम प्रतिद्वन्द्वी भरत गोपालीलाई २८ मतले पराजित गर्दै विजयी भएका हुन् । सभापति पदमा जोशीले १०९ मत पाउँदा गोपालीले ८१ मत पाएका छन् ।

त्यसैगरी दुई उपसभापति पदका लागि भएको निर्वाचनमा नवराज कार्की र उद्धव लामिछाने विजयी भएका छन् । सचिबमा भीमसेन मोक्तान र कर्णबहादुर गोपाली विजयी भएका छन् भने सहसचिबमा सत्यदेवी स्याङ्तान र सुरेन्द्र श्रेष्ठ विजयी भएका छन् । प्राप्त मत परिणाम अनुसार उपसभापतिमा कार्कीले १४४ मत र लामिछानेले १०२ प्राप्त गरी निर्वाचित भएका हुन् । उपसभापतिका अर्का उमेदवार सोमप्रसाद गर्तौलाले ८६ मत प्राप्त गरेका छन् ।

त्यसैगरी दुई जना सचिबका लागि भएको निर्वाचनमा मोक्तानले ११२ मत र गोपालीले १०४ मत ल्याएर विजयी भएका छन् । सचिबका उमेदवार रहेका बिर्जुलाल थिङ र शशिकुमार दोङले क्रमशः ८४ र ५६ मत ल्याएका छन् ।

सत्यदेवी स्याङ्तानले १६५ मत र सुरेन्द्र श्रेष्ठले ९५ मत ल्याएर सहसचिवमा विजयी भएका छन् । सहसचिव उमेदवारहरू रामचन्द्र भोम्जनले ४७ मत र ध्रुबकुमार भट्टले ४६ मत ल्याएका छन् ।

# चाडपर्व लक्षित विशेष सुरक्षा योजना तयार

विकास संवाददाता
थाहानगर




जिल्ला सुरक्षा समिति मकवानपुरले नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गरेर विशेष सुरक्षा योजना तयार पारेको छ । दशैं तिहारजस्ता सर्वसाधारणको बढी चहलपहल हुने चाडपर्व लक्षित गरेर विशेष सुरक्षा योजना तयार पारिएको हो ।

कोरोना भाइरस संक्रमणको जोखिमसँगै चाडबाडमा हुन सक्ने आपराधिक गतिविधिलाई रोक्न विशेष सुरक्षा योजना तयार गरिएको प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिए ।

'सर्वसाधारण नागरिकको बढी चहलपहल हुन्छ, कोभिड महामारीको जोखिम कायमै रहेकाले स्वास्थ्य मापदण्ड पनि पालना गर्न लगाउँछौं,' उनले भने, 'विभिन्न आपराधिक गतिविधि हुन सक्ने हुँदा गस्ती पेट्रोलिङ बढाउँछौं ।' उनका अनुसार सडक, बजार, धार्मिक स्थललगायतको व्यवस्थापनका लागि आवश्यक प्रबन्ध सुरक्षा योजनामा गरिएको छ । प्रमुख जिल्ला अधिकारी पाण्डेले कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेकोले आसन्न चाडपर्वहरू सांकेतिक रूपमा मनाउन जिल्लाबासीसँग गरेका छन् ।

विभिन्न जिल्लासँग सडक सञ्जाल जोडिएकाले मकवानपुरमा अन्य जिल्लाका सर्वसाधारण पनि उत्तिकै आउने जाने गर्छन् । चाडपर्वमा सबैभन्दा बढी ठगी सार्वजनिक यातायातका साधनमा हुने गर्छ । यातायातका साधनमा हुने असावधानीले कोभिड संक्रमण फैलने जोखिम उच्च छ ।

त्यसका लागि सार्वजनिक यातायातका साधनहरूमा कोभिड-१९ संक्रमणको जोखिम बढ्ने गरी क्षमताभन्दा बढी यात्रुहरू राख्न रोक लगाउने, राजमार्गमा हुनसक्ने दुर्घटना, चक्काजाम, बन्दलाई मध्यनजर गर्दै निर्वाध रूपमा सवारीसाधन सञ्चालन गर्ने वातावरण बनाउने प्रजिअ पाण्डेले बताए ।

चाडपर्वको समयमा यात्रुबाहक सवारी साधनहरूलाई बढी भाडा असुल्न नदिन सादा पोशाकमा प्रहरी परिचालन गर्ने, सवारी साधनले यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा तत्काल कानूनी दायरामा ल्याउने प्रजिअ पाण्डेले बताए ।

मन्दिरमा भीडभाड नगराउन निर्देशन चाडपर्वका बेला सर्वसाधारण मन्दिरमा बढी पुग्ने हुँदा भीडभाड बढ्ने गर्दछ । जिल्ला सुरक्षा समितिले मठमन्दिर लगायत अन्य धार्मिक स्थलहरूमा जनस्वास्थ्यका मापदण्ड अवलम्बन गरी भीडभाड नहुने सुनिश्चतता गरी सहज वातावरणमा पूजाआजा गर्ने व्यवस्था मिलाउन पनि सम्बन्धित पक्षलाई निर्देशन दिएको छ ।

धार्मिक स्थानहरूमा भीडभाडको समयमा गरगहना लुटपाट तथा चोरी हुने कार्यलाई नियन्त्रण गर्न सुरक्षाकर्मी परिचालन गरिनेछ ।

## 'विष्णु' एमालेमै फर्किए

◆ विकास संवाददाता



नेकपा एकीकृत समाजवादीमा सनाखत गरेका मकवानपुर थाहा नगरपालिका-५ का वडाध्यक्ष बिष्णुबहादुर गुरूङ एमालेमै फर्किएका छन् । वडा नम्बर ५ को नलिवनमा १२ असोजमा एमालेले आयोजना गरेको एक कार्यक्रमबाट गुरूङले आफू भ्रमवश समाजवादीतिर लागेको र अन्ततः एमालेमै फर्किएको घोषणा गरेका हुन् ।

कार्यक्रममा वडा अध्यक्ष गुरूङ र वडा सदस्य उर्मिला विक सँगै आएका थिए । उनीहरूलाई एमाले थाहानगर अध्यक्ष अच्युत्तमप्रसाद ढकाल, सचिब कुमार नेगी, सचिवालय सदस्यहरू लगायतले पार्टीमा स्वागत गरेका थिए । कार्यक्रममा बोल्दै वडा अध्यक्ष गुरूङले आफू एमालेको उमेदवार भएर निर्वाचित भएको र अहिले आएर मतदातालाई धोका दिन नसक्ने बताए । उनले एमालेको चुनाव चिन्ह सूर्य छाडेर आफू कतै जान नसक्ने बताए ।

हालै नेकपा माओवादी केन्द्र छाडेर एमाले प्रवेश गरेकी महिला नेतृ वरिना बलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

## कुलेखानी जलासय भरिँदै

◆ विकास संवाददाता

जलाधार क्षेत्रमा लगातार वर्षा भएकाले कुलेखानी जलाशय (ईन्द्रसरोवर) भरिन लागेको छ । इन्द्रसरोवर गाउँपालिकामा पर्ने जलाशय भरिन अब ६९ सेन्टिमिटर मात्र बाँकी छ ।

यो समाचार तयार पार्दासम्म जलाशयमा पानीको सतह एक हजार ५ सय २९.३१ सेन्टिमिटर पुगेको छ । कुलेखानी जलाशयको पानी संकलन क्षमता १ हजार ५ सय ३० मिटर छ। ड्याममाथि बालुवाको बोरा राखेर थप ५० सेन्टिमिटर पानी संकलनगर्न सकिन्छ।'यो वर्ष ड्याममा बोरा राख्दैनौं,' कुलेखानी प्रथम जलविद्युत् आयोजना प्रमुख धिरेन्द्र चौधरीले भने, '२०७२ वैशाखको भूकम्पले ड्यामको केहीभाग चिरा परेकाले यस्तो निर्णयमा पुगेका हौं ।'

उनका अनुसार कुलखानी जलाधार क्षेत्रमा दैनिक पमा वर्षा भइरहेकाले जलाशयमा प्रतिघण्टा एक सेन्टिमिटर पानीको सतह बढ्ने गरेको छ । नेपाल विद्युत् प्राधिकरणको 'ब्याकअप' का रूपमा रहेको यो आयोजना अहिले दैनिक ४ घण्टा सञ्चालनमा आउने गरेको छ । उक्त समयमा बढीमा ८/९ सेन्टिमिटर सम्म पानी खपत हुन्छ । कुलेखानी जलाशयमा अहिले २४ घण्टामा कम्तीमा १५ सेन्टिमिटर पानीको सतह बढ्ने गरेको चौधरीले बताए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## सूचनाको हक कार्यान्वयनमा सहजता बनाऊ

असोज १२ अर्थात सेप्टेम्बर २८ मा नेपाल र विश्वका कैयौं देशहरुमा सूचनामा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रुपमा बनाईंदै छ । नेपालको संविधान २०७२ को धारा २७ ले जनतालाई सार्वजनिक र आफ्ना सरकारका विषयमा सम्बन्धित निकायसँग सूचना माग्न पाउने हक प्रदान गरेको छ । नेपालमा सूचनाको हकका सम्बन्धमा कानुन (ऐन २०६४ र नियमावली २०६५) निर्माण भएको झण्डै डेढ दशक पूरा भएको छ । तर नेपालको सरकार तथा त्यस अन्तर्गतका सार्वजनिक निकायहरुले आमजनतालाई त के सञ्चारकर्मीहरुलाई समेत वास्तविक सूचना दिन मान्दैनन् । जनताले राज्यका हरेक निकायहरुबाट सूचना प्राप्त गर्न पाउने संवैधानिक र कानुनी प्रावधानहरु बलिया भए तापनि व्यावहारिक कार्यान्वयनमा नेपालमा साना चुनौतीहरु छैनन् ।

आजको लोकतान्त्रिक गणतन्त्रमा पनि पहिले जस्तै भ्रष्टाचार, अनियमितता, लुट र अपादर्शिता राजनीतिक संस्कृति जस्तै बनेर उभिएका छन् । राज्य सञ्चालनको विधिमा रहेको राजनीतिक नेतृत्व नै मुलुक र जनताको सरोकार र संवेदनशीलताप्रति खासै जवाफदेही भएको देखिदैन । त्यसैको परिणाम सूचना लुकाएर मुलुक चलाउन खोज्छन् । जुन नेपालको संविधान, प्रचलित ऐन र नियमावलीका विरुद्धमा मात्र होइन लोकतान्त्रिक गणतान्त्रिक प्रणालीको भावना र मूल्यका विरुद्धको चुनौति हो । राष्ट्रिय राजनीतिमा नोकरशाह, दलाल पूँजीपति तथा कमिशनखोरहरुको वर्चश्व कायम रहँदासम्म जनता सूचना प्राप्त गर्ने र सुसूचित हुने अधिकारबाट बञ्चित नै हुनुपर्ने देखिन्छ । तसर्थ नेपालमा सूचनामा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस धुमधामसँग मनाउनुको तार्किक उपादेयता भेटिन्न । सूचनाको हकलाई जनताको नैसर्गिक अधिकारका रुपमा मान्यता प्रदान गर्ने कार्यको थालनी सन् १७६६ बाट शुरु भएको हो । यसको जननी राष्ट्र स्वीडेन हो । सन् १९६० सम्म जनतालाई यस्तो हक प्रदान गर्ने राष्ट्रका रुपमा स्वीडेन र फिनल्याण्ड मात्र थिए । सन् १९६६ मा संयुक्त राज्य अमेरिकाले आफ्नो मुलुकमा सूचनाको हकलाई जनताको नैसर्गिक अधिकारका रुपमा संवैधानिक व्यवस्था गरेको थियो । यो दृश्य हेर्दा पूरा २०० वर्षसम्म यो जनविचारधारा सुषुप्त अवस्थामा रहेको देखिन्छ । विश्वमा प्रजातन्त्रको जननी मानिने बेलायतसमेत जनतालाई सूचनाको हकबाट समृद्ध बनाउने कार्यमा उदास नै भएको देखिन्छ ।

जनतालाई सूचनाको हकको पूर्ण दावेदार बनाउनुपर्ने विचारधाराको विकास सन् १९९० पछि मात्र गतिशील बनेको प्रतीत हुन्छ । सन् १९९० मा विश्वमा जम्मा १४ वटा मुलुकले मात्र जनतालाई देशका सम्पूर्ण सूचनाको हकदार बनाउने संवैधानिक र कानुनी प्रावधान राखेका थिए । सन् २००० मा यो संख्या १४ बाट बढेर ४० पुगेको थियो । आज त हरेक प्रजातान्त्रिक मुलुकमा सूचनाको हकको सिद्धान्तलाई पारदर्शिता र जवाफदेहीता सम्बर्द्धन गर्ने नागरिक अधिकारका रुपमा पनि अर्थ लगाउने गरिएको छ । आफ्नो गलत काम सार्वजनिक हुने र कानुनले कान समाउने डरले स्केडेभियन मुलुकहरुको राजनीति स्वच्छ देखिन्छ । इमान र पारदर्शिता त्यहाँको सभ्यता र राजनीतिक संस्कार बनेको छ । नेपालको सञ्चार जगत खोज र अनुसन्धानमा सवल नै देखिन्छ । राज्य र त्यसका संयन्त्रहरुले सूचना दिएर होइन खोज र अनुसन्धानबाट कैयन लुकेका तथ्यहरु बाहिर आइरहेका हुन्छन् । तर सरकारले सूचना फुत्केकोमा चिन्ता गर्दछ । मिडियाले सम्प्रेषण गरेको तथ्यका आधारमा कारवाहीको प्रक्रिया अगाडि बढाउँदैन । यही नै हाम्रो उदेकलाग्दो परिदृश्य हो । सूचनाको हक र पहुँचका प्रश्नमा नेपाल संवैधानिक र कानुनीरुपमा समृद्ध छ । तर व्यावहारिक कार्यान्वयनको तहमा तस्विर अत्यन्त निराशाजनक छ । यो मुलुकका अगाडि उभिएको सूचनाको हक कार्यान्वयनसम्बन्धी ठूलै चुनौती र राष्ट्रिय चिन्ताको विषय पनि हो ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# मेलमिलापकर्तामा हुनुपर्ने गुण र दायित्व



चिरञ्जीवी नेपाल

मेलमिलाप प्रक्रिया केवल व्यवसाय मात्र नभई सामाज सेवा पनि हो । मानवाधिकार, सामजिक न्याय र आत्मसम्मान विनाशान्ति सम्भव छैन । मेलमिलापकर्ताले कानून, समन्याय र मानवाधिकार साथै मेलमिलापसम्बन्धी सिद्धान्त र प्रचलित व्यवहारको जानकारी राख्नैपर्छ । विशेष गरी मेलमिलापकर्ताले अधिकार मात्र होइन, कर्तव्यप्रति बढी सचेत हुनुपर्छ ।

विवाद समाधानका विविध प्रक्रियामध्ये मेलमिलाप उत्कृष्ट प्रक्रिया हो । यसमा विवादित पक्षहरू नै आपसी सल्लाह र सहमतिअनुरूप विवाद निराकरणतर्फ उन्मुख हुन्छन । विना डर, धाक, धम्की स्वतन्त्र सहमतिअनुरूप गरिएको मेलमिलापले स्थायी र मैत्रीपूर्ण सम्बन्ध कायम गराउन मद्दत गर्छ । दुनियाँको प्राय सबै समाजमा उत्पन्न हुने हरेक विवादलाई आपसी सहमति र मैत्री भावले समाधान गरेर मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नुपर्छ भन्ने धारणा विकसित भएको छ र यो उत्तम विकल्पका रूपमा अघि बढेको छ । साँच्चै भन्दा हारजितभन्दा माथि उठेर दुवै पक्षको जितको अनुभूति गराउन, सामाजिक शान्ति र सुसम्बन्ध कायम गर्नका साथै समृद्धितर्फ उन्मुख हुने कार्यका लागि यो महत्त्वपूर्ण छ । सर्व जन हिताय, सर्व जन सुखायको सिद्धान्तबाट प्रेरित यस प्रक्रियाबाट विवाद समाधान गर्दा माथिल्ला न्यायिक निकाय अर्थात तहगत रूपमा अदालत धाउनु पर्दैन । मुद्दा अन्तिम हुन्छ । मुद्दामा लाग्ने श्रम समय र खर्च बचत हुन्छ ।

यसै सन्दर्भमा सबै नागरिकको न्यायमा सहज पहुँच पुगोस् भन्ने उद्देश्यले स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था गरिएको छ । न्यायमा सहज पहुँच हुनु सबैको आधारभूत मानवाधिकार हो तर पनि सबै वर्ग, तह र तप्काका व्यक्तिहरूको न्यायमा सहज र सरल पहुँच स्थापित हुन सकेको छैन । विविध कारणले गर्दा स्थानीय स्तरमै मिल्ने प्रकृतिका विवादसमेत अदालततर्फ प्रवेश गरिरहेको अवस्था अझैसम्म कायम भएकैले हाल आएर सकेसम्म स्थानीय स्तरका विवादहरू मेलमिलापको माध्यमबाटै प्राथमिकताका साथ समाधान गराउन सकियोस् भन्ने धारणा विकसित भएको पाइन्छ । संविधानको परिकल्पनाअनुरूपको स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि, स्थानीय तहमा न्यायिक समिति गठन भइसकेको अवस्थामा यसको महत्त्व र दायरा अझै फराकिलो भएको छ ।

**मेलमिलाप :**

अदालतबाट कुनै पनि विवाद वा मुद्दाका सन्दर्भमा दिइने समाधानको विकल्प मेलमिलाप हो । हाम्रो पूर्वीय दर्शनमा र प्राचीन इतिहासदेखि नै यसको प्रयोग हुँदै आएको छ । यो विवादका दुवै पक्षलाई सहज वातावरण बनाउने वार्ता प्रक्रिया पनि हो । पक्षहरूले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्दाको निरूपण गर्न अपनाइने प्रक्रिया मेलमिलाप हो ।

कुनै पनि विवाद वा मुद्दामामलाका सन्दर्भमा त्यस्तो विवाद समाधानको एक यस्तो उपाय हो, जसमा निष्पक्ष र तटस्थ तेस्रो व्यक्ति संलग्न भई विवादित पक्षहरूकै सहमतिमा विवादको निराकरण गर्न अपनाइने प्रक्रिया हो । यसमा विवादित पक्षहरूलाई खुशीका साथ परिणाममुखी समाधानमा पुर्‍याउन तेस्रो पक्षले अर्थात् मेलमिलापकर्ताले सहयोग गरेको हुन्छ ।

**मेलमिलापकर्ता र निजको भूमिका :**

जिल्ला अदालत नियमावलीको नियम २(ञ) अनुसार मेलमिलापकर्ता भन्नाले मुद्दाका पक्षलाई विवादित कुनै वा सबै विषय वस्तुमा मेलमिलाप गराउने उद्देश्यले सहजकर्ताको रूपमा कार्य गर्न पक्षहरूले रोजेको व्यक्ति वा संस्था सम्झनुपर्छ र उक्त शब्दले पक्षहरूको सहमतिमा अदालतले तोकेको मेलमिलापकर्तालाई समेत जनाउँछ ।

पक्षहरू बीचको विवादलाई छलफल गराई सहज वातावरण सृजना गर्न तथा उक्त विषयमा सहमति कायम गर्नका लागि उत्प्रेरित गर्न मेलमिलाप ऐनबमोजिम नियुक्त मेलमिलापकर्ता सम्झनुपर्छ, भनी यससम्बन्धी ऐनले भनेको पाइन्छ ।

मेलमिलापकर्ता, विवादसँग असम्बद्ध तेस्रो व्यक्ति हो, जसलाई विवादित पक्षहरू बीच प्रभावकारी रूपमा निष्पक्ष र सक्षमतापूर्वक मेलमिलाप गराउनक नियुक्त गरिएको हुन्छ । ऊ स्वतन्त्र र तटस्थ हुन्छ । उसले केवल तटस्थ र निष्पक्ष रहेर विवादित पक्षहरूका बीचमा सहजकर्ताको भूमिकामा मात्र रहनुपर्छ । सकेसम्म आफूले विकल्प नदिई, विवादित पक्षहरूबाटै विकल्पको खोजी गराउनुपर्छ । यस प्रक्रियामा मेलमिलापकर्ताको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । उसकै कारण कहिलेकाहीँ सामान्य विवाद भड्किएर जाने र कहिलेकाहीँ गम्भीर विवाद पनि मिलेर जाने हुन्छ । उसको सक्षमता र प्रभावकारितामा नै समग्र मेलमिलाप कार्य निर्भर हुन्छ । मेलमिलापकर्तासँग विवादित पक्षहरू र विषयवस्तुसँग कुनै पनि प्रकारको स्वार्थपूर्ण सम्बन्ध रहेको हुनु हुँदैन । मेलमिलापसँग सम्बद्ध सैद्धान्तिक कुराहरूका बारेमा पक्षहरूलाई बुझाउने प्रशिक्षक र विवादसँग सम्बद्ध कुरामा व्यावहारिक भएर कार्य गर्नुपर्छ । आफ्नो र विवादित पक्षहरूको हैसियतलाई बिर्सिएर सकारात्मक रूपमा केवल सहजकर्ताको र सञ्चार सहयोगीको भूमिकामा रहनुपर्छ, विवाद समाधानको सम्बन्धमा मेलमिलापका विभिन्न प्रविधि उपलब्ध गराएर सहमतिमा पुर्‍याउने कडीका रूपमा सकारात्मक मार्ग निर्देशकको भूमिकामा रहनुपर्छ ।

कहिलेकाहीँ विवादको एउटा पक्षले बोलेको भाषा अर्को पक्षले नबुझ्ने वा विपरीत अर्थमा बुझेको हुन सक्छ, त्यस अवस्थामा विवाद समाधान हुने भन्दा झनै भड्कने डर हुने र मेलमिलापकर्ताले पक्षहरूको भाषा, मनसाय र व्यवहारको दुवै पक्षले बुझ्ने गरी अनुवाद गरिदिई विवाद समाधान गर्नेतर्फ भूमिका खेल्नुपर्ने हुन्छ ।

**मेलमिलापकर्तामा हुनैपर्ने गुणहरू :**

मेलमिलापको सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक शीप भएको र आवश्यक परेका बखत पक्षहरूलाई सम्झाउन सक्ने क्षमता भएको हुनुपर्छ । उच्च नैतिक आचरण भएको, समझदार र इमानदार हुनुपर्छ । विवादित पक्षहरूको कुरा धैर्यपूर्वक सुन्नसक्ने, प्रचलित कानूनी व्यवस्थाबारे पूर्ण जानकारीका साथै सौदाबाजीको नियम सम्बन्धमा जानकार हुनुपर्छ । सञ्चार शीप भएको, दुवै पक्षलाई समदूरीमा राख्न सक्ने र पक्षहरूको मनोभावना बुझ्न सक्ने हुनुपर्छ ।

गोपनीयता कायम राख्न सक्ने हुनुपर्छ । लैंगिक, जातीय, धार्मिक र सांस्कृतिक विविधताप्रति जानकार हुनुका साथै विवादित पक्षहरूप्रति सम्मानपूर्वक व्यवहार गर्न सक्ने हुनुपर्छ । विवादित पक्षहरूको परम्परा, संस्कृति र जीवनपद्धतिको ज्ञान भएको हुनुपर्छ ।

**मेलमिलापकर्ताको दायित्व :**

विवादका पक्षहरूको मनोभावना, संवेदनशीलता र आक्रोशहरूको व्यवस्थापन गर्न सक्ने । विवाद समाधानका सर्वोत्तम विकल्पहरूको खोजी गर्न सहयोग पुर्‍याउने । विवादित पक्षहरूलाई एकअर्कोले व्यक्त गरेका कुराहरू धैर्यका साथ सुन्न लगाएर अघि बढ्ने । मेलमिलाप प्रक्रिया र पक्षहरूबीच भएका कुराको गोपनीयतालाई विशेष ध्यान राख्ने । मेलमिलापको विषय पक्षहरूको आत्मनिर्णयको अधिकारसँग पनि सम्बद्ध भएकाले त्यसको पनि सम्मान गर्दै उचित प्रक्रिया अपनाउने । पक्षहरूबीचको विवादमा आफूले निर्णय नगरी सहमतिमा पुग्न सहयोग गर्दै विवाद समाधानका लागि उत्तम वैकल्पिक उपायहरूको खोजी गरिदिने । एक पक्षको सहमति बेगर अर्को पक्षसँग व्यक्तिगत वा अनौपचारिक भेटघाट नगर्ने । कुनै एउटा पक्षको हितलाई मात्र ध्यान दिई अर्को पक्षलाई गम्भीर मर्का पर्ने गरी मेलमिलाप नगराउने । विवादित पक्षहरूलाई कुनै प्रकारको अनुचित दबाब, प्रभाव वा प्रलोभनमा नपार्ने । सार्वजनिक नीति तथा नैतिकता अनि व्यक्तिका हकहितविरूद्ध साथै कानूनी र न्यायिक प्रक्रियाको दुरूपयोग हुने गरी मेलमिलाप प्रक्रिया सञ्चालन नगर्ने । मेलमिलाप परिषद्बाट जारी भएको मेलमिलापकर्ताको आचार संहिताको पूर्ण पालना गर्ने ।

अन्त्यमा, मेलमिलाप प्रक्रिया केवल व्यवसाय मात्र नभई सामाज सेवा पनि हो । मानवाधिकार, सामजिक न्याय र आत्मसम्मान विनाशान्ति सम्भव छैन । मेलमिलापकर्ताले कानून, समन्याय र मानवाधिकार साथै मेलमिलापसम्बन्धी सिद्धान्त र प्रचलित व्यवहारको जानकारी राख्नैपर्छ । विशेष गरी मेलमिलापकर्ताले अधिकार मात्र होइन, कर्तव्यप्रति बढी सचेत हुनुपर्छ । उसको सक्षमता र प्रभावकारितामा नै मेलमिलापको सफलता र असफलता धेरै हदसम्म निर्भर हुन्छ । कुशल मेलमिलापकर्ताको क्षमताको सेरोफेरोमा नै समग्र प्रक्रिया घुमेको हुन्छ । भावनात्मक रूपमा र परिणामका रूपमा दुवै पक्षलाई चित्त बुझाउन सक्ने क्षमता भएका व्यक्तिहरू नै कुशल मेलमिलापकर्ता हुन सक्छन् ।

*(-लेखक अधिवक्ता हुन् ।)*

# वास्तु विज्ञान अनुसार कसरी घरको आन्तरिक सज्जा गर्ने ?

घरको आन्तरिक सज्जा (इन्टेरियर डिजाइन) कस्तो हुनुपर्छ ? घर निर्माणका क्रममा सबैभन्दा बढी उठ्ने प्रश्न हो यो ।

वास्तु विज्ञान अनुसार कसरी आन्तरिक सज्जाको तालमेल मिलाउने ? यो प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ ।

आन्तरिक सज्जा यस्तो हुनुपर्छ, जसले घरलाई आकर्षक देखाउन सकोस् । आकर्षक मात्र होइन, सहज पनि होस् ।

आजभन्दा डेढ दशकअघिसम्म नेपालमा आन्तरिक सज्जाको बजार उतिविधि चलेको थिएन । कोहीकोही व्यक्तिले घर बनाइसकेपछि शोखको आधारमा घरको सज्जालाई ध्यान दिन्थे । धेरैमा परम्परागत सजावट प्रणालीकै दबदबा थियो । वास्तवमा त्यतिबेलासम्म आन्तरिक सज्जाको व्यावसायिक हुन सकिरहेको थिएन ।

इन्टेरियर डिजाइनर अर्चना शाह सिंहले १५ वर्षअघि विदेशबाट यससम्बन्धी पढाइ सकेर नेपाल आउँदासम्म इन्टेरियर डिजाइन गराउने चलन निजी क्षेत्रमा समेत विकास भएको थिएन । तर सानो ठाउँमा धेरै कर्मचारी अटाउनु पर्ने ठूला करदाता सेवा कार्यालयले उनलाई इन्टेरियर डिजाइनको लागि आग्रह गऱ्यो । त्यो नै शाहले गरेको पहिलो सरकारी कार्यालयको आन्तरिक सज्जा हो ।

पछिल्लो डेढ वर्षको समयमा यो क्षेत्रले कसरी यति धेरै प्रगति गर्यो त ? नेपालको इन्टेरियर डिजाइनको अहिलेको अवस्था र धेरै फस्टाउनुको कारणबारे सिंहले यसरी जानकारी दिइन् :

करिब डेढ दशक अघिसम्म अस्तित्वविहीन जस्तै रहेको इन्टेरियर डिजाइनको क्षेत्रले विशेषगरी काठमाडौंमा राम्रो बजार विस्तार गरिसकेको छ । जतिबेला जग्गाको मूल्य कम थियो र घरको क्षेत्रफल पनि बढी हुन्थ्यो, त्यतिबेलासम्म इन्टेरियर डिजाइनको खासै महत्व देखिएको थिएन । तर जब बिस्तारै 'स्पेस भ्यालु' महँगो हुँदै गयो । संकुचित भएर सानो ठाउँमा धेरै जनाले काम गर्नुपर्ने बाध्यता थपिन थाल्यो, त्यसपछि बल्ल काठमाडौं लगायत शहरी भेगमा इन्टेरियर डिजाइनको प्रचलन बढी भएको हो । डिजाइन गर्ने हरेकको आ-आफ्नै मूल्य र मान्यताहरू हुन्छन् । आन्तरिक सज्जामा मेरो मौलिक शैली छ । कुनै पनि इन्टेरियर डिजाइन गर्दा सबैभन्दा पहिले के सन्दर्भ, कसको लागि र के प्रयोजनका लागि डिजाइन गरिँदै छ ? भन्ने कुरालाई ध्यान दिने गरिन्छ । इन्टेरियर डिजाइन भनेको नै सानो ठाउँलाई व्यवस्थापन गरेर कुनै पनि ठाउँलाई बेकामी नबनाउनु हो । त्यसैले त्यही मर्मलाई ध्यानमा राखेर डिजाइन गर्ने गरिन्छ ।



### इन्टेरियर डिजाइन र वास्तुको सम्बन्ध

वास्तु शास्त्र हरेक मान्छेको जीवनशैलीसँग सम्बन्धित छ । वास्तु घर को पनि हुन्छ, जग्गाको हुन्छ, घरभित्र कोठाको हुन्छ र सूक्ष्म रूपमा कोठाभित्र सजाउने सामग्री कुन दिशामा समाउने भन्ने पनि वास्तुसँग सम्बन्धित हुन्छ ।

हिजोआज इन्टेरियर डिजाइनको क्रममा वास्तु मिलाउनु अत्यन्त चुनौतीपूर्ण हुने गर्छ । अत्यन्त कम ठाउँमा धेरैभन्दा धेरै सामग्री अटाउनु पर्ने हुन्छ । वास्तु मिलाउँदा ठाउँ खाली हुन सक्छ वा सबै सामग्री नअट्न सक्छ । वास्तु नमिलाउँदा त्यसमा स्थायित्व नहुन सक्छ । त्यसैले हिजोआज घरधनीको आवश्यकता र वास्तु मिलाएर डिजाइन गर्नु अत्यन्त चुनौतीपूर्ण काम भएको छ ।

त्यसो त वास्तु सबैले मान्ने कुरा पनि होइन । मान्नेको लागि यो सर्वस्व हो र नमान्नेको लागि केही पनि होइन । तर हामीहरू धेरैले इन्टेरियर डिजाइन गर्दा वास्तुलाई पनि प्राथमिकतामा राखेर डिजाइन गर्ने गर्छौं ।

### वास्तु मिलाएर डिजाइन गर्दाको फाइदा

वास्तुमा विश्वास गर्ने नगर्ने दुवैमा वास्तु मिलाएर डिजाइन गर्नुको पछि पनि केही कारणहरू छन् । हामीले बुढापाकाले भनेको आधारमा पश्चिमबाट हावा चल्ने ठाउँमा पश्चिमपट्टि ढोका नराख्ने, उत्तरतिर सिरानी नराख्ने जस्ता कुराहरू हामी अहिलेसम्म पनि पालना गर्छौं । किनभने जुन दिशाबाट हावा चल्छ त्यही दिशामा झ्यालढोका राख्दा निरन्तरको हावाको बेगले मान्छे बिरामी हुन सक्छ । त्यसैले सुरक्षाको लागि पनि त्यो दिशामा झ्याल ढोका राखिँदैन । यसरी हामी अहिले पनि डिजाइन गर्ने बेलामा उत्तर तिर सिरानी हुनेगरी डिजाइन गर्दैनौं ।

### आन्तरिक सज्जामा ध्यान दिनुपर्ने कुराहरू

इन्टेरियर डिजाइन गर्दा सबैभन्दा धेरै ध्यान दिनुपर्ने विषय भनेको त्यसको उपभोग गर्नेलाई सहज र उनीहरूको जीवनशैली गुणस्तरीय हुनुपर्छ । मुख्यकुरा त्यही नै हो । त्यसबाहेक बच्चा भएको ठाउँमा धेरै स्पेस राख्ने, सुपरमार्केटको डिजाइन गर्दा सामानसँग नठोकिने खालको बनाउने जस्तो कुरालाई ध्यान दिनुपर्छ ।

# के ओखर मस्तिष्कका लागि उपयोगी हुन्छ ?

एउटा सामान्य बुझाई छ, प्रकृतिले जुन रूपरेखाको फल दिएका छन् त्यो हाम्रो शरीरका अंगको स्वरूपसँग मिल्दोजुल्दो हुन्छ । अतः हाम्रो अंगसँग जुन फलको रूपरेखा मिल्छ, त्यसको सेवनले सोही अंगलाई फाइदा गर्छ ।



जस्तो स्याउको समग्र आकार करिब मुटुसँग मिल्छ । यसको सेवन मुटुको लागि फाइदा हुने बताइन्छ । राजमाको रूपरंग मिर्गौलासँग मिल्छ । यसको सेवनले मिर्गौलालाई स्वस्थ राख्न सहयोग हुने बताइन्छ । यस्तै ओखरको भित्री तह पनि हाम्रो मस्तिष्कको स्वरूपमा हुन्छ । त्यसो भए के यो फल मस्तिष्कको लागि उपयोगी छ त ?

ओखरलाई 'ब्रेन फुड' भनिन्छ, जसले मस्तिष्कलाई स्वस्थ्य राख्न सघाउँछ । ओखरमा केहि शक्तिशाली न्युरो प्रोटेक्टिभ कम्पाउन्ड पाइन्छ, जस्तो कि, भिटामिन इ, ओमेगा थ्रि फ्याटी एसिड, फोलेट, एन्टिअक्सिडेन्ट । यसले मस्तिष्कलाई सुरक्षा प्रदान गर्छ । साथै यसले रक्तप्रवाहलाई नियमित गराउन समेत सहयोग गर्छ । यसमा अधिक मात्रामा पोषक तत्व पाइन्छ । त्यसो त ओखरको तेल छाला र केसलाई मुलायम एवं चम्किलो बनाउन पनि प्रयोग गरिन्छ ।

ओखरमा सोडियम कम र कालोस्टर पनि पटक्कै हुँदैन । यसमा भरपुर मात्रामा ओमेगा ३ फ्याटी एसिड हुन्छ । यसमा भिटामिन ए, बि-६, बि-१२, सि, डि, इ र के पाइन्छ । यो प्रोटिनको पनि राम्रो स्रोत हो । यसका साथै क्यालिसयम, मिनरल्स, म्यानेसियम, आइरन, फस्फोरस, जिंक, कपर प्रचुर मात्रामा पाइन्छ । यो एन्टिअक्सिडेन्टको राम्रो स्रोत हो । प्रोटिन- यसले मांशपेशी बढाउन सहयोग गर्छ । एक सय ग्राम ओखरमा १५ ग्राम प्रोटिन हुन्छ । भिटामिन डि यसले क्यालिसयम ग्रहण गर्न सहयोग गर्छ । हड्डीका लागि क्यालिसयम एकदमै जरूरी हुन्छ ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान वल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# दुःखको एउटै 'औषधि हो हाँसो

प्रायःजसो यस्ता पसलहरू देख्नु भएको छ जसका मालिकहरू मुस्कान दिएर ग्राहकलाई स्वागत गर्छन् । अर्थात् निकै स्नेह र श्रद्धाका साथ आफ्नो पसलमा भएका सामग्रीहरू देखाइरहेका हुन्छन् । तिनै पसलमा ग्राहकहरूको पनि भीड देखिन्छ ।

भनिन्छ, जसको ओठमा मुस्कान छैन उनीहरूले पसल खोल्नु हुँदैन । पसले जीवन एक वास्तविकता हो । जीवनमा हाँस्दै तपाईं अरूलाई पनि जीवन दिन सक्नुहुन्छ । जीवन आफैंमा धेरै गाह्रो र गम्भीर छ । हरेक मोडमा जिन्दगी यस्तो प्रश्नहरू उठाउँछ कि जब उत्तर को खोजीमा दिमाग अस्थिर बन्छ । क्रोध, चिन्ता, डर आदि मानिस जन्मेदेखि नै उसको साथमा हुन्छ । मान्छे एक मात्र त्यस्तो प्राणी हो जसलाई प्रकृतिले हाँस्ने शक्ति दिएको छ । तर यो देख्दा दुःख लाग्छ कि जानबुझेर वा अनजानमा हामी हाँस्न बिर्सन्छौं । हास्य कलाले हामीलाई समस्यामा फस्नबाट जोगाउँछ । यसले मानिसको गहिरो, दमनित भावनाहरूलाई बाहिर आउन प्रेरित गर्छ । प्रकृतिले मात्र मानिसलाई हाँस्ने क्षमता दिएको छ ।

हाम्रो जिन्दगीमा हास्य कला कमजोर भइरहेको छ । किनकि मानिसहरू आफ्नैबाट अपरिचित र एक अर्कासँग टाढा भएका छन् ।

### एक्लोपनको महसुस

हिजोआज एकल परिवारको अवधारणाका कारण मान्छेमा एक्लोपनको महसुस भएको छ । संयुक्त परिवारको अभ्यास समाप्त हुँदा मान्छेहरू सामाजिक सञ्जालमा धेरै समय बिताउने र एक्लोपनामा रमाउने गर्छन् । यस्तो स्थितिमा त्यहाँ पनि केही समयको लागि उनीहरूको बीचमा कुनै कुराकानी हुन्छ, अन्यथा मानिसहरू एक्लो रहन्छन् । यो एउटा परिवारलाई खुसी राख्नको लागि समेत जिम्मेवार हुन्छन् । घरका सबै मानिसहरू खानाको टेबुलमा भेला हुन्थे र त्यहाँ दिनको घटनाहरू सम्झँदै हाँसो मजाक चल्थ्यो । मानिसहरू आज हाँस्नको लागि मोबाइलमा निर्भर भएका छन् । फेसबुकमा आएका मेमहरू हेरेर मात्रै हाँस्ने चलनको विकास भएको छ ।

अझै पनि स्कुल कलेज जानेहरू त भेला भएर एकअर्कासँगको कुराकानीमा हाँस्छन् । तर कार्यालय जाने र घर फर्किने दैनिकी रहेका मानिसहरू भने हाँसोको दुनियाँबाट दूर हुने गर्छन् । उनीहरूको लागि सन्देश हाँसोको मुख्य स्रोत हो ।

# मकवानपुरका दुई स्थानीय तहमा कोरोना संक्रमण शुन्य

◆ विकास संवाददाता

मकवानपुर जिल्लामा १ सय ७७ जना सक्रिय कोरोना संक्रमित रहेका छन् । स्वास्थ्य कार्यालय मकवानपुरले ५ असोजसम्मको आकडा अनुसार १ सय ६५ जना होमआइसोलेशनमा र १२ जना जिल्लाका विभिन्न अस्पतालमा उपचाररत रहेका छन् ।

जिल्लाका दश स्थानीय तहमा मध्ये दुई स्थानीय तह कोरोना संक्रमित शुन्य रहेको छ । इन्द्रसरोवर र बकैया गाउँपालिकामा एक जना पनि कोरोना संक्रमित नरहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

कोरोना संक्रमित सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाभित्र रहेका छन् । कार्यालयका अनुसार हेटौंडामा १ सय २७ जना होमआइसोलशन र १० जना अस्पतालमा गरी १ सय ३७ जना उपचाररत छन् ।

त्यस्तै थाहानगरमा घरमा ७ र आइसोलेशनमा २ गरी ९ जना, मकवानपुर गढीमा १२ जना, मनहरीमा ११ जना, भिमफेदीमा ४ जना, कैलाशमा २ जना, बागमती र राक्सिराङ्गमा एक-एक जना रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

जिल्लामा पछिल्लो समय कोरोना संक्रमण हुनेको घट्दै गएको छ । स्वास्थ्यका कार्यालयले मंगलबार दिएको जानकारी अनुसार ९७ जनामा परिक्षण गर्दा १८ जनामा मात्रै कोरोना पुष्टि भएको छ । केही साताअघि जिल्लामा दैनिक एक सय भन्दा बढीमा कोरोना संक्रमण देखिन्थ्यो ।

जिल्लामा हालसम्म ५१ हजार २ सय १७ जनाको परीक्षण गर्दा १५ हजार १ सय ४० जनामा कोरोना पुष्टि भएको स्वास्थ्यका कार्यालयले जनाएको छ । हालसम्म कोरोना पुष्टि भएका मध्ये १४ हजार ७ सय ४९ जना संक्रमणमुक्त भएका छन् भने १ सय ६४ जनाको मृत्यु भएको कार्यालयको तथ्याङ्मा छ ।

जिल्लामा १ लाख ३९ हजार ७ सय ८ जनालाई कोरोना भाइरस संक्रमणविरूद्धको खोप लगाईएको छ । जसमा १ लाख २ हजार ९ सय ६० जनालाई दुबै मात्रमा खोप लगाईएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# विद्यालमा यौन शिक्षा दिदै स्वास्थ्य कार्यालय

◆ विकास संवाददाता

मकवानपुरका सामुदायिक विद्यालमा यौन शिक्षा दिने भएको छ । यौनका विषयमा लजाउने, यसका बारेमा बुझाइको समस्याका कारण पनि स्वास्थ्य कार्यालय मकवानपुरले बिद्यालयकै शिक्षक तथा स्वास्थ्यकर्मी मार्फत यौन शिक्षा दिन लागिएको हो ।

मकवानपुरका २१ वटा विद्यालयमा ल्यापटप र प्रोजेक्टर वितरण गरेर विद्यालयमा अध्ययनरत किशोर किशोरीहरूलाई प्रजनन् तथा यौन शिक्षा दिन लागिएको स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख प्रणय उपाध्यायले बताए । प्रदेशको सामाजिक विकास मन्त्रालयले जिल्लाका स्वास्थ्य कार्यालयहरू मार्फत यो काम गर्न लागेको हो । अहिले मकवानपुरको हेटौंडा उपमहानगरपालिका र थाहा नगरपालिका भन्दा बाहेकका भीमफेदी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, मनहरी गाउँपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, बकैया गाउँपालिका, बागमती गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको एक-एक वटा विद्यालयलाई ल्यापटप र प्रोजेक्टर वितरण गरिएको उनले जानकारी दिए ।

अब यही आर्थिक वर्षमा फेरी अरू १३ विटा बिद्यालयलाई ल्यापटप र प्रोजेक्टर वितरण गर्ने तयारी समेत गरिएको छ ।

# १४ करोड लागतमा १२० मिटर लामो पक्कीपुल



◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकामा १४ करोड रूपैयाँ लागतमा १ सय २० मिटर लामो पक्की पुल निर्माणको काम सुरू भएको छ । मकवानपुरगढी गाउँपालिका वडा नंम्बर २ लामिडाँडा र वडा नम्बर-६ डुम्रेकुना जोड्ने पुल निर्माणको काम सुरू भएको हो ।

पुल नहुँदा हिउँद र वर्षायाममा समेत सवारीका साधन ओहोर दोहोर गर्नका लागि वर्षौ देखि समस्या भएको र अब भने सहज हुने गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईले बताए । संघीय सरकारको लगानीमा ठेक्का मार्फत पुल निर्माण सुरू भएको हो । पुल निर्माणले बिकाशको महत्वपुर्ण कोषेढुङ्गा सावित हुने उनले बताए ।

डुम्रेकुनामा अस्पताल निर्माण हुँदै गरेकोले यस अस्पतालमा आउनका लागि पनि पुलले निकै सहज हुने उनले बताए । पुल निर्माण भएपछी गढी गाउँपालिकाका सबै वडाका नागरिकलाई सहज हुनेछ । दुइवर्ष भित्रमा पुल निर्माण गर्ने संझौता भएपनि एक वर्षभित्रमा निर्माणको काम सक्ने उनले बताए ।

# हेटौंडा औद्योगिक क्षेत्रलाई पाँच तले भवन




◆ विकास संवाददाता

हेटौंडा औद्योगिक क्षेत्रमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाको पाँच तल्ले सुबिधा सम्पन्न भवन निर्माण भएको छ । २०७२ सालको भूकम्पका कारण जिर्ण बनेको खाद्यय प्रबिधिको कार्यालयका लागि नयाँ सुबिधा सम्पन्न पाँच तले भवन निर्माण गरिएको हो ।

राष्ट्रिय पुन निर्माण प्राधिकरण अन्तरगतको जिल्ला आयोजना कार्यान्वयन इकाइ भवनले कार्यालयको भवन निर्माण गरेर आज हस्तान्तरण गरेको हो । १३ प्रतिशत भ्याट बाहेक कुल १३ करोड २६ लाख ६० हजार रूपैयाँमा भवन निर्माण गरिएको हो । जिल्ला आयोजना कार्यान्वयन इकाइका प्रमुख इन्जिनियर तुलसी राम खरर्वुजाले खाख्य प्रबिधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख सोमकान्त रिजाललाइ नयाँ भवन हस्तान्तरण गरे ।

समय अगाबै भवन निर्माण गरेर तत्काल हस्तान्तरण गर्न पाएकोमा इकाइ प्रमुख खरर्वुजाले खुसी व्यक्त गरे । यसैगरी खाद्ययप्रविधिका प्रमुख रिजालले भुकम्पपछी निकै कठिनाइका साथ काम गर्नुपरे पनि अब भने सुविधा सम्मपन्न भवन निर्माण भएपछी कार्यालय सञ्चालनमा सहज हुने बताए ।

निर्माणको जिम्मा पाएको हनुमान कन्ट्रकसनले सक्नुपर्ने मिति अगाबै भवन निर्माणको काम सकेको हो । कुल साना ठुला कोठा, हल समेत गरेर ५२ वटा कोठाको भवन निर्माण भएको इकाइ भवनका इन्जिनियर रविन पाठकले वताउनुभयो । यस भवनको चौथो तल्लामा तीन वटा कोठा भएको सुबिधा सम्पन्न आवासको सुविधा समेत छ ।

# बागमती प्रदेशमा खेलकुदलाई न्यून बजेट

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि खेलकुद क्षेत्रलाई एक प्रतिशत बजेट पनि विनियोजन गरेको छैन । प्रदेश खेलकुद विकास परिषद्को योजनाअनुसार प्रदेश सरकारले विनियोजन गरेको रकम अत्यन्त न्यून भएको टिप्पणी परिषद्को छ । चालु आवका लागि वाग्मती प्रदेश सरकारले ल्याएको ५७ अर्ब ७२ करोड रूपैयाँको बजेटमा खेलकुदले प्राथमिकता पाउन सकेन। बजेट रकम निर्धारणपछि खेलकुदले ससर्त अनुदानसहित प्रदेशको कुलमा बल्लतल्ल १ प्रतिशत बजेट पाएको छ।

प्रदेशका १३ वटै जिल्लामा खेलकुद पूर्वाधार विकास, विभिन्न खेलकुदका प्रतियोगिता तथा अन्य कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले आर्थिक वर्षका लागि ससर्त अनुदान २ करोड ६ लाखसहित ५९ करोड ७७ लाख रूपैयाँ बजेट छुट्याएको छ । प्रदेशको खेलकुद विकासका लागि उक्त बजेट पर्याप्त नभए पनि सबै क्षेत्रलाई समेट्ने गरी योजना तयार पारिएको प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले बताए । प्रदेश खेलकुद विकास परिषद्ले प्रदेशका १३ जिल्लामा खेलकुदको विकास गर्न तथा प्रदेशमातहतमा विभिन्न खेलकुदका कार्यक्रम सञ्चालन गर्न ९० वटा योजनाहरू तयार पारेको छ । जसमा सबैभन्दा ठूला योजनाको पमा वहुवर्षीय योजनाअन्तर्गत् २ वटा योजनाहरूलाई ८/८ करोड रूपैयाँ बजेट छुट्याइएको छ । सानोमा १० लाख पैयाँसम्मका योजना छन् । ठूला योजनाको रूपमा बहुवर्षीय कार्यक्रमअन्तर्गत हेटौंडाको गौरीटार र ंगशाला र सिन्धुपाल्चोकको चौतारा र ंगशाला निर्माणका लागि ८/८ करोड रूपैयाँ बजेट विनियोजन भएको छ ।

यी दुई ठूला योजनासहित ३५ लाखदेखि ८ करोडसम्मको बजेट रहेका १४ वटा बहुवर्षीय योजनाका लागि कुल ४२ करोड ६८ लाख रूपैयाँ बजेट छुट्याइएको छ । त्यसमा मकवानपुरका दुई योजना छन् भने रामेछापमा ३, सिन्धुपाल्चोक, नुवाकोट, सिन्धुली र चितवनमा २/२ तथा धादिङमा एक ठूलो बहुवर्षीय योजना सम्पन्न गर्न बजेट विनियोजन गरिएको भण्डारीले बताए । प्रदेश खेलकुद विकास परिषद् आफैंले खेलकुद कार्यक्रम सञ्चालन गर्न ४ करोड ६६ लाख रूपैयाँ वजेट विनियोजन गरेको छ । खेलकुदका तालिमदेखि लिएर प्रदेश खेलकुद प्रतियोगितासम्म छन् । परिषद्ले प्रदेश खेलकुद प्रतियोगिता गर्न २ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । सहिद स्मृति राष्ट्रिय फुटबल लिग र प्रदेश फुटबल लिग प्रतियोगिताका लागि एन्फासँगको साझेदारी कार्यक्रमअन्तर्गत दुवै प्रतियोगिताका लागि ५०/५० लाख बजेट निर्धारण गरिएको छ । साहसिक तथा पर्यटकीय खेलकुद गर्न ३० लाख रूपैयाँ रकम छुट्याइएको छा प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता गर्न २६ लाख रूपैयाँ बजेट तय गरिएको छ ।

अपांगता भएका खेलाडीको प्रदेशस्तरीय पारा खेलकुद गर्न, उनीहरूलाई राष्टिूय, अन्तर्राष्ट्रिय प्रतियोगिता तथा तालिममा सहभागिता जनाउन १० लाख रूपैयाँ बजेट निश्चित गरिएको छ । खेलाडी तथा खेलक्षेत्रमा विशेष योगदान दिने व्यक्ति तथा संस्थालाई सम्मान गर्न तथा अल्ट्रा म्याराथन, क्यानोइङ, रक क्लाइम्बिङलगायतका खेलको सम्भाव्यता अध्ययन गर्न १०/१० लाख बजेट छुट्याइएको परिषद्ले जनाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहानगरका पुरुष गाँजासहित पक्राउ



◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नंम्बर-११ थानाभञ्याङबाट प्रहरीले अबैध लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । पुर्वपश्चिम राजमार्गमा खटिएको प्रहरीको टोलीले ट्रकबाट १ सय ७५ किलो लागूऔषध गाँजा बरामद गरेको हो ।

लागुऔषध गाँजासहित भिमफेदी गाउँपालिका वडा नंम्बर- ९ बस्ने बर्ष ३१ को मोहन स्याङतान र सोहि ट्रकमा सवार थाहा नगरपालिका वडा नंम्बर- ३ बस्ने बर्ष २४ को प्रसान्त कार्कीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीको टोलीलाई पालुङ तर्फबाट बिरगंज तर्फ जाँदै गरेकोमा बिग्रीएर थानाभञ्याङमा मर्मत गर्दै गरेको ना ३ ख ५९५० नंबरको ट्रकलाई चेकजाँच गर्दा १ सय ७५ किलो लागूऔषध गाँजा बरामद भएको प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । लागुऔषध गाँजा, ट्रक सहित नियन्त्रणमा लिएर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# पालुङका मूल गुरू सम्मानित



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ पालुङ सहरस्थित नेवार समुदायका मूल गुरू सम्मानित भएका छन् । इन्द्र जात्राको अवसरमा आयोजित एक कार्यक्रमका बीच मूल गुरू अष्टमान श्रेष्ठलाई दोसल्ला, फेटा र कदरपत्रसहित सम्मान गरिएको हो ।

साँस्कृतिक सम्पदा संरक्षण समितिको आयोजनामा ४ असोजमा भएको कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले मूल गुरू श्रेष्ठलाई सम्मान गरेका हुन् । सोही अवसरमा मूल गुरूका अन्य सहायक गुरूहरूलाई पनि सम्मान गरिएको समितिले जनाएको छ । सम्मानित हुनेहरूमा ध्रुव श्रेष्ठ, भिम्देव नापित, निरन्जन श्रेष्ठ, दिपेन्द्रराज प्रधान, देवकृष्ण श्रेष्ठ र विश्वमान श्रेष्ठ रहेका छन् ।

कार्यक्रममा सम्मानपत्र प्रदान गर्दै थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टलाई थाहा नगरपालिका साँस्कृतिक सम्पादका दृष्टिले अत्यन्त धनी रहेको र यस विविध पक्षका बारेमा खोजी गर्नु अहिलेको आवश्यकता रहेको बताए । उनले स्थानीय संस्कतिको संरक्षण गर्न नगरपालिकाको तर्फबाट सहयोग हुने पनि बताए ।

साँस्कृतिक सम्पदा संरक्षण समितिका अध्यक्ष जङ्गली राजकुमार प्रधानको सभाध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख विष्ट, थाहाका उपप्रमुख खड्ग गोपाली, इन्द्रायणी भगवती कालाभैरव संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठ, बाँसुरी गुरू निरञ्जन श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गरेका थिए । सो अवसरमा थाहा नगरपालिका-२ का वडाध्यक्ष गुप्तबहादुर कार्की, थाहा नगर पालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सम्पदा संरक्षण समितिका सचिव ध्रुव श्रेष्ठले स्वागत गरेका थिए ।

कार्यक्रममा स्थानीय कलाकारहरूले ब्रम्हा-बिष्णु र लाखे नाच प्रस्तुत गरेका थिए । सोही कार्यक्रममा अनिलभक्त श्रेष्ठ (हेटौँडा), श्यामभक्त श्रेष्ठ(काठमाण्डौँ), भोजमान श्रेष्ठ(हेटौँडा), विजयविक्रम श्रेष्ठ(पालुङ), पालुङ युवा समाज र नरेन्द्र श्रेष्ठ(पालुङ)लाई कदरपत्र प्रदान गरिएको थियो ।

# माओवादी केन्द्रिय सदस्य बल एमालेमै रहिन्



◆ विकास संवाददाता

वि.सं. २०७५ सालसम्म नेकपा माओवादी केन्द्रमा ३,९९९ केन्द्रिय सदस्य थिए । त्यसमध्ये एक थिइन् थाहा नगरपालिकाकी बरिना बल । उनी नेकपा एमाले अध्यक्ष ओलीनिवास बालकोट पुगेर आफू एमालेमै रहेको घोषणा गरेकी हुन् ।

२३ फागुन २०७८ को सर्वोच्च अदालतको फैसलाले एमाले र माओवादीलाई अलगअलग बनाइदिएपछि रामबहादुर थापा'बादल' सहित नेताहरू एमालेमै बसे । नेताहरू एमालेमै बसेपछि बल लगायत माओवादी नेताहरू पहिलेजस्तो माओवादी कार्यक्रमहरूमा सक्रिय रहेनन् । मकवानपुरका संविधान सभा सदस्य दिलबहादुर घिसिङ 'फुर्वा' र बरिना बलको नेतृत्वमा केही नेताहरू बालकोट पुगेर आफूहरू एमालेमै रहने घोषणा गरेका हुन् ।

बालकोटबाट फर्किएपछि बलले विकास खबरपत्रिकासँग कुरा गर्दै अहिले मकवानपुर, धादिङ र नुवाकोटको गरी करिब डेढसय नेता कार्यकर्ता एमालेमा समाहित भएको जानकारी दिइन् । माओवादी केन्द्रमा रहँदा रामबहादुर थापा 'बादल' समूहमा रहेका मकवानपुर, धादिङ र नेवाकोटका नेता-कार्यकर्ताहरूको नेतृत्व आफू र घिसिङले गरेको बलले बताइन् । 'अब तल्लो तहसम्म कसरी समायोजन हुने भनेर छलफल भइरहेको छ, त्यो पनि छिट्टै टुङ्गो लाग्छ' उनले भनिन् । उनीहरूले रामबहादुर थापा, टोपबहादुर रायमाझी, दावा लामा लगायत नेताहरूसँग भेटेर कार्यकर्ताहरू एमालेमै समाहित भएको जानकारी दिने र छलफल गर्ने कार्यक्रम राखेका छन् ।

एमाले अध्यक्ष ओली निवासमा अध्यक्ष ओली, महासचिब ईश्वर पोखरल, मकवानपुरका नेताहरू कृष्णप्रसाद दाहाल, रामचन्द्र राई, केदार बल, महेश बर्तौला, हिदम लामा लगायत उपस्थित थिए ।

# सम्पर्क मञ्चको अध्यक्षमा विष्ट

◆ विकास संवाददाता

नेकपा एमाले मकवानपुर-काठमाडौं सम्पर्क मञ्चको भेलाले थाहानगर-काठमाडौं सम्पर्क मञ्च गठन गरेको छ । युवा नेता अनित बिष्टको अध्यक्षतामा मञ्च गठन गरिएको हो ।

मकवानपुरका संघीय सांसद कृष्णप्रसाद दाहालको प्रमुख आतिथ्यता र संविधान सभा सदय सुभाषचन्द्र ठकुरीको विशेष आतिथ्यतामा सम्पन्न



भेलाले उपाध्यक्षमा थाहा-९ का रूपेश श्रेष्ठ, सचिवमा थाहा १२ का मेयरसिं स्याङ्तान, कोषाध्यक्षमा थाहा ७ कि यमुना थापा, सदस्यहरूमा शम्भु खत्री, सुर्य बिन्दु थोकर लगायतलाई चयन गरेको छ ।

बिष्ट हाल राष्ट्रिय युवा संघ नेपाल मकवानपुर जिल्ला कमिटी सदस्य रहेका छन् भने विभिन्न समाजिक संघसंस्थामा क्रियाशील छन् ।

# जनस्वास्थ्यकर्मी महासंघ मकवानपुरको अध्यक्षमा रायमाझी



◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र सम्बद्ध अखिल नेपाल प्रगतिशिल जनस्वास्थ्यकर्मी महासंघ मकवानपुरको प्रथम जिल्ला भेला भएको छ ।

भेला नेकपा माओवादी केन्द्र मकवानपुरका अध्यक्ष प्रेम बहादुर पुलामीको प्रमुख आतिथ्यतामा भएको हो । भेलालाई सम्बोधन गर्दै पुलामीले पार्टी निर्माण अभियानमा जनस्वास्थ्यकर्मीहरूको भूमिका महत्वपूर्ण हुने बताए ।

यस अभियान अन्तर्गत नै जनबर्गीय संगठनहरूको भला सम्मेलन अभियान चलाइएको उनको भनाई छ । पार्टीलाई सहयोग पुग्नेगरी अभियान सञ्चालन गर्न पुलामीले संगठनलाई निर्देशन दिएका छन् ।

भेलाले जयराम रायमाझीको अध्यक्षतामा ३७ सदस्यीय जिल्ला कमिटि गठन गरेको छ । समितिको उपाध्यक्षमा श्याम सुन्दर महतो, बाल कुमारी ढकाल, सरस्वती लामा (घलान), सचिव अशोक राखाल, कोषाध्यक्ष बिन्दा तितुङ र सह-सचिवमा लव थापा चयन भएका छन् । भेलामा अखिल नेपाल जनस्वास्थ्यकर्मी महासंघका केन्द्रीय उपमहासचिव सुर्य तिवारी, बागमती प्रदेश अध्यक्ष कानूनलाल चौधरी, सचिव अमर लामा लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

# बदलिएला र, पालिकाको संख्या र सिमाना ?

◆ विकास संवाददता

वि.सं. २०७४ सालमा चुनिएका स्थानीय जनप्रतिनिधिको समयावधि २०७९ साल वैशाख २० गते सकिँदैछ । यस हिसाबले स्थानीय तहको आवधिक निर्वाचन हुन सात महिनामात्रै बाँकी देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका वा नगरपालिकाको संख्या र सिमाना हेरफेर गर्नुपर्ने भएमा गाउँपालिका तथा नगरपालिकाको निर्वाचन हुने मितिभन्दा कम्तीमा एक वर्ष अगावै गरिसक्नुपर्ने व्यवस्था भए पनि हालसम्म कुनै सुरसार भने देखिएको छैन ।

निर्वाचन आयोग नेपालका सहप्रवक्ता कोमलप्रसाद धमला आगामी वैशाख २० गते स्थानीय जनप्रतिनिधिको समयावधि सकिने बताउँछन् । स्थानीय निर्वाचन कहिले गर्ने भन्ने नेपाल सरकारको निर्णयमा भर पर्ने उनको भनाइ छ । ऐनको दफा ३ उपदफा ५ मा गाउँपालिका वा नगरपालिकाको संख्या र सिमाना हेरफेर गर्नुपर्ने भएमा गाउँपालिका तथा नगरपालिकाको निर्वाचन हुने मितिभन्दा कम्तीमा एक वर्ष अगावै गरिसक्नु पर्ने व्यवस्था छ । गाउँपालिका वा नगरपालिकाको संख्या वा सिमाना हेरफेर गर्नुपरेमा त्यस्तो हेरफेरबाट प्रभावित हुने गाउँपालिका तथा नगरपालिकाको सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनु पर्नेछ । त्यस्तो प्रस्ताव प्राप्त भएको १५ दिनभित्र प्रदेश सरकारले सो प्रस्ताव बमोजिम गाउँपालिका वा नगरपालिकाको संख्या वा सिमाना हेरफेर गर्न नेपाल सरकारमा सिफारिस गर्नुपर्ने व्यवस्था छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता वसन्त अधिकारी स्थानीय तहको संख्या र सिमाना हेरफेर विद्यमान कानुनी व्यवस्था अनुसार ०७७ साल फागुनभन्दा अघि नै प्रक्रिया पूरा गर्नुपर्नेमा त्यसो नभएको बताउँछन् । 'आउने चुनावसम्म त्यो सम्भावना छैन,' उनले भने, 'तर यो राजनीतिक विषय पनि भएकाले ऐन संशोधनबाट काम हुन पनि सक्छ । हालसम्म कुनै पनि प्रदेश सरकारबाट त्यहाँका स्थानीय तहको संख्या र सीमाना हेरफेरको लागि नेपाल सरकार समक्ष सिफारिस गरेका छैनन् ।'

अहिलेसम्म २८/२९ वटा स्थानीय तहबाट संख्या तथा सिमाना हेरफेरको लागि निवेदन आएको बताउँदै उनले भने, 'ती निवेदनहरूमा आवश्यक प्रक्रिया पूरा गरेको देखिँदैन । वडाको सिमाना हेरफेर गर्न, एक वडाको भाग अर्को वडामा परेकाले त्यसलाई गाभ्नको लागि माग आएको छ ।' स्थानीय तहको संख्या र सिमाना हेरफेरको लागि अधिकारीको संयोजकत्वमा बनेको अध्ययन समितिले काम गरिरहेको चाँही छ ।

नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटा अर्को पाँच वर्षसम्मको लागि पनि स्थानीय तहको संख्या र सीमाना हेरफेर हुने सम्भावना न्यून रहेको बताउँछन् ।

# जिल्ला समन्वय समितिको भूमिका बढाउन बढाइने

*स्थानीय तहको बेरुजु फर्स्योट गर्नका लागि जिसस प्रमुखको नेतृत्वमा महालेखाका कर्मचारी र जिल्ला समन्वय अधिकारी सदस्य सचिव भएको तीन सदस्यीय समिति पनि बन्ने भएको छ ।*

◆ विकास संवाददता

जिल्ला समन्वय समिति (जिसस)को भूमिका बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गृहकार्य थालेको छ ।

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तह भने पनि तथा स्थानीय निकायबीचमा समन्वयका लागि प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने जिससलाई थप जिम्मेवारी दिएर भूमिका बढाउन मन्त्रालयले गृहकार्य थालेको हो । स्थानीय सरकारभन्दा पनि स्थानीय तहको रूपमा रहेको ७७ जिससले सम्पादन गर्दै आइरहेका कार्य र थप सम्पादन गर्नसक्ने कार्यका बारेमा मन्त्रालयले उनीहरूसँग सोधखोज गरेको हो ।

परिवर्तित शासकीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहहरूका शासकीय तथा प्रशासनिक कार्यहरूमा सहयोगका लागि जिससको कार्य जिम्मेवारीलाई व्यवस्थित गर्दै सबलीकरण गर्न खोजिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले जिससको चालू आर्थिक वर्ष २०७८/०७९ को बजेट, हाल कार्यरत कर्मचारीको संख्यालगायत गत आवमा सम्पादन भएका कार्यहरूको विवरण माग गरेको शाखा अधिकृत खगेन्द्र पौडेलले जानकारी दिए । त्यस्तै संघ र प्रदेशका विभिन्न निकायबाट जिससलाई हस्तान्तरण वा प्रत्यायोजन भएका कार्यहरू, गर्नसक्ने थप कार्यबारे पनि जानकारी माग गरिएको छ । मन्त्रालयले जिससको भूमिका बढाउनका लागि जिसस र स्थानीय तहको अन्तरसम्बन्ध बढाउने उपाय र जिसस र अन्य निकायबीच गर्नुपर्ने समन्वयलगायतका विषयसमेत खोजी गरेको छ । बजेट वक्तव्यको बुँदा ३६३ मा स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्न जिससको क्षमता विकास गरिने उल्लेख छ ।

काठमाडौं जिससका प्रमुख शिव सुन्दरराज वैद्यले चालू आवको बजेटले जिससको भूमिका बढाउने उल्लेख गरेको भन्दै यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगले सहयोग गर्न लागेको बताए । संविधानको धारा २२० मा जिससले विकास कार्य योजनाहरू अनुगमन गर्ने भन्ने उल्लेख भए पनि अनुगमनको प्रतिवेदन कहाँ बुझाउने, अनुगमनमा कमजोरी भएमा के गर्ने भन्ने बारेमा अहिलेसम्म अस्पष्ट भएकाले त्यसका लागि कार्यविधि पनि बनिरहेको वैद्यले बताए । उनले भने, 'स्थानीय तहले गरेका विकास निर्माणका कामको अनुगमन गर्ने, संघ र प्रदेशका सशर्त कार्यक्रमहरूको अनुगमन गर्ने र स्थानीय तहको बेरूजु फर्स्योटको काम जिससले गर्ने गरी कार्यविधिहरू बनिरहेका छन् । तर यसका लागि हामीलाई स्रोत, साधन र जनशक्ति चाहिन्छ ।'

स्थानीय तहको बेरूजु फर्स्योट गर्नका लागि जिसस प्रमुखको नेतृत्वमा महालेखाका कर्मचारी र जिल्ला समन्वय अधिकारी सदस्य सचिव भएको तीन सदस्यीय समिति पनि बन्ने भएको छ । संघीयतामा खासै प्रभावकारी भूमिकामा नरहेका जिससको कामलाई प्रभावकारी बनाउनका लागि मन्त्रालयले पहल थालेको हो । केन्द्रीय शासन व्यवस्थामा साविकका जिल्ला विकास समितिमा स्थानीय विकास अधिकारी भएर जान कर्मचारीको हानथाप पर्दथ्यो तर जिससमा जिल्ला समन्वय अधिकारी बन्न कर्मचारीमा पनि मोह देखिँदैन ।

राष्ट्रिय योजना आयोगका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत हेर्ने सदस्य डा. उमाशंकर प्रसादले जिससको भूमिका बढाउने बारेमा कुरा भएको बताए । तर उनले आफूसँग जिसससम्बद्ध मानिस छलफल गर्न नआएको बताए । 'मसँग उहाँहरू आउनु भएको छैन, कताकता कुरा भएको छ भन्ने सुनेको छ,' उनले भने,–'छलफल भएपछि नै योजना, बजेटको व्यवस्था वा समस्याहरूका बारेमा अघि बढ्न सकिन्छ ।'

# बागमती प्रदेशका पालिकामा देउवा पक्षको वर्चस्व

◆ विकास संवाददता



नेपाली काँग्रेस अधिवेशन

नेपाली कांग्रेसको पालिका अधिवेशनअन्तर्गत वाग्मती प्रदेशका अधिकांश स्थानमा सभापति शेरबहादुर देउवा पक्षले विजय हासिल गरेको छ । मकवानपुरका १० स्थानीय तहमध्ये आठमा निर्वाचन र दुईमा सर्वसम्मतबाट नेतृत्व चयन भएको थियो । जसमध्ये सभापति देउवा समूहका ६ जना र इतरका चार जना सभापतिमा निर्वाचित भएका छन् ।

देउवा समूहबाट हेटौंडामा उत्सव इटेनी, मनहरीमा प्रकाश बर्तौला, मकवानपुरगढीमा राजवीर लामा, कैलाशमा राजेन्द्र घिसिङ, बकैयामा दिलबहादुर भोम्जन र इन्द्रसरोवर गाउँपालिकामा विश्व लामा निर्वाचित भएका छन रामचन्द्र पौडेल समूहबाट थाहा नगरपालिकामा प्रमोद जोशी, भीमफेदीमा सञ्जीव श्रेष्ठ, बागमतीमा फणीन्द्र तिमल्सिना र राक्सिराङमा वीरेन्द्र जिम्बा सभापतिमा चयन भएका छन् ।

काभ्रेमा देउवा र नेता कृष्णप्रसाद सिटौला पक्ष हाबी देखिएको छ । जिल्लामा सिटौला समूहको नेतृत्व केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईंले गर्छन् । देउवा पक्षको नेतृत्व भने संविधानसभा सदस्य तीर्थ लामाले गर्छन् । जिल्लामा नेतृत्व टुंगिएका १२ मध्ये १० पालिकामा सिटौला-देउवा समूह विजयी भएका छन् । उक्त समूहबाट बनेपामा महेशकुमार कर्माचार्य, धुलिखेलमा विदुरबहादुर बस्नेत, बेथानचोकमा प्रेमबहादुर तिमल्सिना र तेमालमा ज्ञानबहादुर लामा निर्वाचित भए । सर्वसम्मत भएका नमोबुद्धका कुन्साङ लामा, पनौतीका रामशरण भण्डारी, रोशी गाउँपालिकाका दुधराज तामाङ, भुम्लुका दावा लामा, चौरीदेउरालीका शेरबहादुर तामाङ, खानीखोलाका दोर्जेमान जिम्बा पनि सोही समूहका हुन् ।

जिल्लामा सिटौला र देउवा समूह मिलेर निर्वाचनमा उम्मेदवारी दिएका थिए । वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षबाट मण्डनदेउपुरमा कश्यप पौडेल निर्वाचित र पाँचखालमा सञ्जय तामाङ सर्वसम्मत भए । जिल्ला सभापति मधुप्रसाद आचार्य, पूर्वराज्यमन्त्री कञ्चनचन्द्र बादे पौडेल समूहमा छन् । केन्द्रमा विमलेन्द्र निधिनिकट मानिने पाँचखाल नगर प्रमुख महेश खरेल जिल्लामा सोही समूहमा छन् ।

त्यसैगरी राप्ती नगरपालिकामा देवेन्द्र लामा र खैरहनी नगरपालिकामा गुणराज श्रेष्ठ सभापतिमा चयन भएका छन् । कालिका नगरपालिकामा दीपेन्द्र केसी सभापतिमा विजयी भए । इच्छाकामना गाउँपालिकामा कृतिकुमार श्रेष्ठले चुनाव जितेका छन् । हालसम्म विजयी चितवनका पाँचवटै पालिकाका सभापतिहरू देउवाइतर पक्षका छन् ।

सिन्धुलीका ९ वटा पालिकामध्ये देउवा पक्षका चार र पौडेल पक्षका चारले नेतृत्व हात पारेका छन घ्याङ्लेख गाउँपालिकाका सभापति भने खुलेका छैनन् । संस्थापन पक्षबाट दुधौलीमा नगर सभापतिमा बलराम कार्की, तीनपाटनमा सोमप्रसाद घिमिरे, हरिहरपुरगढीमा बमबहादुर स्याङ्वा र फिक्कलमा रामबहादुर कार्की चयन भएका छन् । पौडेल पक्षबाट कमलामाई नगर सभापतिमा कमल पोखरेल, सुनकोसीमा चन्द्र श्रेष्ठ, गोलन्जोरमा मोतीराज सापकोटा र मरिणमा रामबहादुर वाइवा नेतृत्वमा आएका छन घ्याङ्लेख गाउँपालिका सभापति गणेश पुलामी भने खुलेका छैनन् ।

नुवाकोटको कांग्रेसको गाउँ-नगर अधिवेशनमा देउवा पक्षको वर्चस्व छ । जिल्लाका १२ वटा पालिमध्ये देउवा पक्षका ७ सात र संस्थापनइतर पक्षका ५ जना चयन भएका छन रामेछापका ८ पालिकामै तीनवटामा सर्वसम्मत नेतृत्व चयन भएको छ । पाँचवटामा मतदानमार्फत कार्यसमिति चयन गरिएको छ। सबै पालिकाका सभापतिमा पौडेल पक्षले जित हासिल गरेको छ ।

चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी